नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- २६२

मितिः२०८१।१०।२१

श्री नगरपालिका (सबै)

श्री गाउँपालिका (सबै)

विषयः सरकारी जग्गा उपयोग तथा निजी जग्गा प्राप्ति सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तहको पूर्वाधार आयोजना सञ्चालन गर्न नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा उपयोगको लागि आवश्यक भएमा **सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति,२०७९ को दफा ४ (२) ग** वमोजिमको सिफारिस एवं **जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क.** बमोजिम निजी जग्गा प्राप्तिको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्ने सम्वन्धमा तपशिलमा उल्लिखित कागजात सम्वन्धित गाउँ/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सक्कल फाईल तयार गरी यस मन्त्रालयको स्थानीय तह समन्वय शाखामा पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

तपशिल

| सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ४ (२)ग वमोजिम सिफारिसको लागि आवश्यक कागजातहरु | जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. बमोजिम निजी जग्गा प्राप्ति गर्न नेपाल सरकारको स्वीकृतिको लागि आवश्यक कागजातहरु |
|---|---|
| १.नेपाल सरकारको नाममा धनीपुर्जा कायम गरिएको जग्गा धनी प्रमाणपत्र र सम्वन्धित जिल्लाको नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा | १.निशुल्क जग्गा प्राप्तिको लागि गाउँ/नगरपालिकाबाट जारी गरिएको सूचनाको प्रति |
| २.सरकारी जग्गा उपयोग गर्ने सम्वन्धमा गाउँ/नगर कार्यपालिकाको निर्णय | २.तोकिएको समयमा निशुल्क जग्गा प्राप्ति हुन नसकेमा स-शुल्क जग्गा उपलव्ध गराउने सूचनाको प्रति |
| ३.परियोजनाको संक्षिप्त विवरण | ३.स-शुल्क जग्गा दिन मन्जुर व्यक्तिको आवेदन र मञ्जुरीनामा |
| ४.फोहोरमैला व्यवस्थापन, वातावरण तथा जैविक विविधता र स्थानीय समुदायलाई लाई प्रत्यक्ष असर पर्ने परियोजनको हकमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र जग्गा सँग सीमा जोडिएका स्थानीय वासिन्दाको मन्जुरीनामा | ४.खरिद गर्ने जग्गा धनी प्रमाणपत्र र सम्वन्धित जिल्लाको नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा |
| ५.माथि उल्लिखित कागजात सम्वन्धित गाउँ/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरी मन्त्रालयलाई अनुरोध गरिएको पत्र | ५.जग्गा खरिदको लागि गाउँ/नगर सभाबाट बार्षिक वजेटमा रकम विनियोजन सुनिश्चितता गरिएको कागजात |
| | ६.परियोजनाको संक्षिप्त विवरण |
| | ७.जग्गाको क्षेत्रफल किटान गरी जग्गा खरिद गर्ने सम्वन्धी गाउँ/नगर कार्यपालिकाको निर्णय |
| | ८.नेपाल सरकारको स्वीकृतिको प्रकृयाको लागि मन्त्रालयलाई अनुरोध गरिएको पत्र |

२०८१।१०।२१

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन



61